# रोजगारको अधिकार र कोविड-१९

**कोविद -१९ प्रतिबन्धहरूले कसरी मेरो रोजगारमा असर गर्छ?**

बिभिन्न उद्योगहरूको काम गर्ने स्थल सम्बन्धी पछिल्ला प्रतिबन्धहरू यहाँ उपलब्ध छन्।
कुन- कुन कार्यस्थलहरू खुला रहन अनुमति छ भन्ने बारे जानकारी यहाँ उपलब्ध छ।

सबै लागु नियमहरूको पालना पूर्ण रूपमा गरिएको छ तथा सबै कामदारहरूलाई सुरक्षित कार्यस्थल प्रदान गरिरहेको छ भन्ने कुरा निश्चित गर्नु रोजगारदाताको जिम्मेवारी हो। यदि तपाईंलाई काममा अनिवार्य रूपमा बोलाईएको छ तर तपाईंलाई संका छ कि यसको अनुमति दिईएको छैन वा सुरक्षित छैन भने, तपाईंले कानुनी सल्लाह लिनु पर्दछ ।

**यदि मैले सेल्फ आइसोलेसन गर्नु पर्ने अवस्था छ र यसको लागि मैले कामबाट बिदा लिनुपर्छ तर म संग बिरामी बिदा छैन भने म के गर्न सक्छु ?**

यदि तपाईं कोविद -१९ को कारणले सेल्फ आइसोलेसन वा क्वारन्टाइनमा बस्नु आवश्यक छ भने तपाईं निम्नमा सुबिधाका लागि योग्य हुन सक्नुहुन्छ:

- सशुल्क महामारी बिदा (जुन हाल केही पुरस्कार अन्तर्गत उपलब्ध छ - विवरणहरूको लागि यहाँ हेर्नुहोस्)
- $ ४५०, कोविद -१९ परीक्षण सेल्फ आइसोलेसन भुक्तान (विवरण यहाँ हेर्नुहोस्)
- $ १५००, कोविद -१९ कार्यकर्ता समर्थन भुक्तान (विवरणको लागि यहाँ हेर्नुहोस्)
- पेनदेमिक लिव दिजास्तर पेमेन्ट (Pandemic leave disaster payment) (विवरणहरूको लागि यहाँ हेर्नुहोस्)

**के मेरो रोजगार दाताले मेरो काम को समय घटाउन सक्छ ? अथवा जागिरबाट हटाउन सक्छ ?**

**<u>अस्थायी रोजगार:</u>**
यदि तपाईंले अस्थायी काम गर्दै हुनुहुन्छ र धेरै लामो समय काम भएको छैन भने तपाईंको रोजगार दाताले तपाईंको कामको समय परिवर्तन गर्न सक्छ अथवा केहि सुचना बिना तपाईंलाई जागिरबाट हटाइदिन सक्छ ।

अहमद १५ बर्षसम्म कारखानामा काम गर्दै आएका छन्।
ऊ केजुअल कामदार हो र कुनै रकम भुक्तान बिदा पाउन योग्य छैन, यद्यपि हरेक हप्ता सोहि दिन र घण्टा काम गर्दछ। उनका रोजगारदाताले कोविद -१९ को कारणले उनको कार्य समय घटाइने जानकारी दिन्छ तर , उ यो बिस्वास गर्दैन कि कोविद -१९ बाट उसले कार्य स्थल प्रभावित छ र सोच्छ कि यो केवल आफ्नो कामको समय काट्न बहाना मात्र हो। यदि अहमद आफ्नो कार्य समय काटिएको स्वीकार गर्न चाहँदैनन् भने, तपाईं फेर वर्क कमीशन (Fair Work Commission) मा गइ रिडक्तेन्सी भुक्तानी (redundancy payment)वा अनुचित बर्खास्तको हक दावी गर्न सक्नुहुन्छ।

**<u>स्थायी रोजगार *(लामो अवधिको अस्थायी, आंशिक समय अथवा पूर्ण समय कर्मचारी):*</u>**
यदि तपाईं पूर्ण समय कर्मचारी *(यसमा ६ - १२ महिना काम गरेका आंशिक रोजगारका कर्मचारी पनि पर्दछ),* तपाईंको रोजगार दाताले तपाईंको कामको समय परिवर्तन गर्न अथवा तपाईंको सहमती बिना जागिरबाट निकाल्न सक्दैनन ।

NORTHERN COMMUNITY LEGAL CENTRE

# नर्दन कम्यूनिटी लिगल सेन्टर : नोबेम्वर २०२०

**के मेरो रोजगारदाताले मेरो काम को अवधि कम गर्न वा मलाई कामबाट निकाल्न सक्छन् ?**

तपाईंको रोजगारदाताले तपाईंलाई जागिरबाट निकाल्न अथवा तपाईंको कामको अवधी निम्न अवस्थामा घटाउन सक्छन्:

- यदि अवस्था रोजगारदाताको नियन्त्रण भन्दा बाहिर हुन गएको छ  र जुन अवस्थामा तपाईंको काम निरन्तर गर्न सम्भव छैन; अथवा
- तपाईंको संस्था जबकीपर भुक्तानी *(jobkeeper payment)* को लागि योग्य भएको छ र तपाईंको आम्दानी पनि जबकीपर भुक्तानी *(jobkeeper payment)* भन्दा  कम छैन

जबकीपर *(jobkeeper)* परिवर्तन सम्बन्धी सुचनाको लागि यहाँ हेर्नु होला *here.*

**म मेरो जागिरबाट खारेज भएको छु। मेरो अधिकार के हो?**

यदि तपाईंलाई जागिरमा निरन्तर गरिएको छैन भने, तपाईं निम्न कुराहरु सहित अरु धेरै कुराहरुको  हकदार हुनसक्नु हुन्छ:

- यदि तपाईंको संस्थासँग केहि पैसा लिन बाकी छ अथवा तपाईंले ओभरटाइम काम गर्नु भएको छ;
- लामो सेवा गरे बापत पाउने बिदा यदि तपाईंले सोही काम ७ बर्ष भन्दा बढी काम गर्नु भएको छ भने (vic.gov.au/long-service-leave);
- तपाईंले आर्जन गर्नु भएको बार्षिक बिदा र लामो अवधी सेवा बापत पाउने बिदाको अधिकार,  यदि तपाईं पार्ट्-टाईम अथवा पूर्ण अवधीको स्थायी रोजगार मा हुनुहुन्छ भने;
- तपाईंलाई सुचना दिएको निम्न समयको क्षतिपूर्ति यदि तपाईंलाई निकालिने अवस्थाको सुचना दिएको थिएन भने;
- कुनै पनि रिडक्तेन्सी भुक्तानीहरू जुन तपाईं हकदार हुनुहुन्छ।

तपाईंको काम खारेज गर्ने परिस्थितिको आधारमा, स्थायी कामदारहरूले  अनुचित बर्खास्त दाबी गर्न अधिकार हुन्।

तपाईंको खारेजलाई अनुचित मानिन्छ यदि:
१. यो कठोर, अन्यायपूर्ण वा बिनाकारण हो; र
२. यो वास्तविक रिडक्तेन्सी *(redundancy)* होईन।




**महत्वपूर्ण सूचना:**
**यदि तपाइँ विश्वास गर्नुहुन्छ कि तपाइँलाई अनुचित रूपमा कामबाट निस्कासित गरिएको छ भने तपाइँ निस्कासित भएको  दिनबाट २१ दिन भित्र फैर वोर्क कमिसन *(Fair Work Commission)* मा गइ आवेदन दिन सक्नु हुन्छ**

NORTHERN COMMUNITY LEGAL CENTRE

# नर्दन कम्यूनिटी लिगल सेन्टर : अगस्ट २०२०

**के मलाई बिना तलबी बिदा  दिएको बेला पनि वार्षिक विदा लिन बाध्य तुल्याउन सक्छ?**

कोविड्-१९ को कारण अति नै प्रभाव पारेको रोजगार दाताको लागि बनाएको नयाँ अस्थायी कानूनले केही रोजगारदाताहरूलाई आफ्नो
कर्मचारीहरूलाई केही स:शुल्क वार्षिक बिदाको प्रयोग गर्न आग्रह गर्न सक्दछ , तर त्यसमा कम्तिमा २ हप्ताको बिदा बाकी राख्न पर्ने हुन्छ, वा आधा-तलबमा आफ्नो वार्षिक बिदा दोब्बर पनि पार्न सकिने छ। तर रोजगारदाताले यो अस्थायी कानुन प्रयोग गर्नको लागि त्यहाँ कडा मापदण्ड तोकिएका छन् ।

यदि तपाईंले आफ्नो काम गुमाउनु भएको छ, वा तपाईंको तलब कटौती भएको छ भने, तपाईंले फेयर वोर्क ओम्बदस्मन (Fair Work Ombudsman) मा सामान्य जानकारी लिन सक्नुहुन्छ अथवा नर्दन कम्यूनिटी लिगल सेन्टरबाट कानुनी सल्लाह लिन सक्नु हुन्छ । तपाईं जब सिकर (JobSeeker) भुक्तानीको पनि हकदार हुन सक्नु हुन्छ ।

जेसमीन  १२ वर्षसम्म एउटै कम्पनीमा अफिस म्यानेजरको रूपमा पूर्ण समय काम गरेकी छिन। उनीलाई मालिकले भनेको छ कि कोविद -१९ को कारण आम्दानी गुमाउले उनको रोजगार तत्काल समाप्त हुन्छ।

किनकि उनीहरुले उनको समाप्ति सम्बन्धी कुनै लिखित सूचना प्रदान गरेका छैनन्, जेसमीन सम्पूर्ण न्यूनतम सूचना अवधिको साथै कुनै पनि आर्जित वार्षिक छुट्टी र लामो सेवा बिदाका लागि भुक्तान गर्न पाउने हकदार छ। उनी रिडक्तेन्सी भुक्तानी *(redundancy payment)* हकदार पनि हुन सक्छिन्।

**अरु जानकारीका लागि:**

**नर्दन कम्यूनिटी लिगल सेन्टर**:
northernclc.org.au/covid-19-facts-and-info
**फेयर वोर्क ओम्बदस्मन (Fair Work Ombudsman)**: १३ १३ ९४
fairwork.gov.au
**जबवाच (JobWatch):**
jobwatch.org.au
**जब सिकर भुक्तानी (Job Seeker Payments):**
servicesaustralia.gov.au/individuals/services/centrelink/jobseeker-payment
**जब किपर भुक्तानी (Job Keeper Payments):**
business.gov.au/risk-management/emergency-management/coronavirus-information-and-support-for-business/jobkeeper-payment

**नि*: शुल्क कानुनी सल्लाह :***

**नर्दन कम्यूनिटी लिगल सेन्टर**: (०३) ९३१० ४३७६ / admin@northernclc.org.au
**युथ वोर्कर सेन्टर** (30 बर्ष भन्दा कम उमेरकाल लागि): १८०० ७१४ ७५४
**जबवाच:** ९६६२ १९३३
**भिक्टोरिया लिगल एद:** १३०० ७९२ ३८७ / अरबिक: (०३) ९२६९ ०१२७
यदि तपाईं एक **युनियन सदस्य** हुनुहुन्छ भने,  तपाईं सम्बन्धित सदस्यता सहयोग टीमलाई सम्पर्क गर्नुहोस् ।

**यो कागजात कानूनी सल्लाह होइन । यो सूचना/जानकारी १२ नोबेम्वर २०२० मुताबिक सहि छ, यद्यपी यो सुचनाको आधारमा काम गर्नु भन्दा पहिले तपाईले कानूनी परामर्शको खोजी गर्नुपर्दछ ।**

NORTHERN
COMMUNITY
LEGAL CENTRE